# राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

*(मिति २०७५ साल चैत मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

<u>लालमोहर र प्रकाशन मिति</u>
२०३९।७।३

<u>संशोधन गर्ने ऐन</u>

| | | |
|---|---|---|
| १ | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| २. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ३. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ५. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

<u>०३९ सालको ऐन नं. १२</u>

✂................

<u>राष्ट्रिय प्रकृति संरक्षण कोषको व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u> : प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय प्रकृति संरक्षण कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनु पर्छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) "सदस्य र सदस्य-सचिव" भन्नाले कोषको सदस्य सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कोषको स्थापना : (१) राष्ट्रिय प्रकृति संरक्षण कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोष अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(३) कोषको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(५) कोषले व्यक्ति सरह नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

☛४. संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

५. सञ्चालक समितिको गठन : कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्न देहाय बमोजिमको सञ्चालक समिति गठन हुनेछ :-

(क) संरक्षकबाट मनोनीत व्यक्ति एकजना - अध्यक्ष

(ख) अध्यक्षबाट मनोनीत नेपाल सरकारको सचिवहरु मध्येबाट तीनजना - सदस्य

(ग) अध्यक्षबाट मनोनीत नेपाल सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधिहरुमध्येबाट तीनजना - सदस्य

(घ) अध्यक्षबाट मनोनीत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट चारजना - सदस्य

(ङ) अध्यक्षबाट मनोनीत कोषको लागि उपयुक्त ठानेका व्यक्तिहरु तीनजना - सदस्य

(छ) अध्यक्षबाट मनोनीत व्यक्ति एकजना - सदस्य-सचिव

६. पदावधि : (१) अध्यक्ष तथा सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(२) अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएपछि निजहरु दफा ५ बमोजिम पुन: मनोनीत हुन सक्नेछन् ।

(३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ५ बमोजिम अध्यक्ष वा सदस्य मनोनीत हुनेछ ।

☛(४) अध्यक्ष वा सदस्यले राजीनामा गरेमा निजहरु आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

---

☛ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) आफ्नो कर्तव्य सुचारु रुपले पालन नगर्ने सदस्यलाई अध्यक्षबाट जुनसुकै बखतमा हटाउन सक्नेछ ।

७. पारिश्रमिक : समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

८. समितिको बैठक : (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउनेछ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको कुनै सदस्यले अध्यक्षता गर्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नु भन्दा साधारणतया एक महिना अगावै दिनु पर्नेछ ।

(३) छ जना सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) साधारणतया समितिको बैठक वर्षको एकपटक बस्नेछ ।

(६) बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकमा अपनाइने अन्य कार्यविधि समितिले आफै व्यवस्थित गर्न सक्नेछ ।

९. कोषको काम र कर्तव्य : कोषको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने,

(ग) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

१०. कोषको अधिकार : कोषको अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

(ख) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदासँग सम्बन्धित विदेशी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क राख्ने ।

(ग) विदेशी संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था मार्फत चन्दा सङ्कलन गर्ने गराउने ।

(घ) कोषको हितको लागि अन्य आवश्यक काम गर्ने ।

११. उपसमिति गठन गर्न सक्ने : (१) कोषले आफ्नो काम कारबाहीको निमित्त आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. कोष : (१) कोषमा देहायका रकमहरु रहनेछन् :-



कानून तथा न्याय मन्त्रालय

(क) नेपाल सरकारले प्रदान गरेको रकम,

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै बैङ्कमा कोषको नाउँमा जम्मा गरिनेछ ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण : (१) कोषको आय-व्ययको लेखा तोकिए बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१४. मुद्दा हेर्ने अधिकारी : कोष वादी वा प्रतिवादी भएको कुनै मुद्दा वा यो ऐन अन्तर्गतको कुनै मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार उच्च अदालतलाई हुनेछ ।

१५. अधिकार प्रत्यायोजन : समितिले आफ्नो केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिको परामर्श लिई नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१७. विनियम बनाउने अधिकार : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी कोषले आवश्यक विनियमहरु बनाउन सक्नेछ र त्यस्तो विनियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८. नेपाल सरकारसँग सम्पर्क : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा ⊕वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत राख्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⊕ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

दृष्टव्य :- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-

(क) "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(ख) "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष" को सट्टा "राष्ट्रिय प्रकृति संरक्षण कोष" ।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरु :-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।